रूपा गाउँपालिका
Rupa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
रूपाकोट, कास्की Rupakot, Kaski
गण्डकी प्रदेश, नेपाल Gandaki Province, Nepal

पत्र संख्या/Reference No.: २०८०।०८१(2080/081)
चलानी नं/Dispatch No:
मितिः-२०८०/११/०१

## प्रेस विज्ञप्ति

गण्डकी प्रदेश, कास्की जिल्ला भित्रको स्थानिय तहहरुमध्ये क्षेत्रफलको हिसावले सानो, सुन्दर, रमणीय एवम् विविध खालको भौगोलिक बनावट, मनोरम प्राकृतिक, साँस्कृतिक सम्पदा रहेको यस रुपा गाउँपालिका विभिन्न खालका जातजाति, भाषा भाषी र धर्म मान्ने बहु आयामिक खालको फुलबारीको रूपमा रहेको छ । नेपालको संविधान अनुसार स्थानिय सरकारले गर्नुपर्ने कामको सन्दर्भमा बनेको ऐन, स्थानिय सरकार संचालन ऐन, गाउँसभाले बनाएका नियमावली, कार्यविधि मार्फत यो गाउँपालिकाका जनताको चाहना अनुसार, **"रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान"** भन्ने नाराका साथ पर्यटन विकास, खानेपानी, शिक्षा, भौतिक पूर्वाधार, सडक, सिंचाई, कृषि, पशुपालन र रोजगारी लगायतका क्षेत्रहरूमा उल्लेख्य कार्यहरू भएका छन् ।

युवा तथा खेलकुदको विकासको लागि पनि एक वडा एक खेल मैदान निर्माण कार्य सञ्चालनमा रहेको छ । गाउँपालिका स्तरीय खेल मैदान निर्माण कार्य पनि प्रदेश र केन्द्रिय सरकारसंग समन्वय गरि निर्माणको चरणमा रहेको छ ।युवाहरूलाई खेलकुदको माध्ययमद्धारा उनिहरूको शारीरिक, मानसिक, संवेगात्मक र व्यक्तित्व विकास गर्ने उद्बेश्यले **"स्वास्थका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने मूल उदघोषका साथ रूपा गाउँपालिका स्थापना दिवसको अवसरमा २०७५ सालदेखी निरन्तर रूपमा अध्यक्ष कप खुल्ला पुरूष भलिवल प्रतियोगिता, रूपा गाउँपालिका स्तरीय झाँकि प्रदर्शन प्रतियोगिता, माला प्रतियोगिता गर्दै आईरहेको कुरा यहाँहरूलाई अवगत नै छ । साथै रुपा गाउँपालिकाको प्रतिनिधित्व गर्दै खेलकुद क्षेत्रमा विभिन्न विधामा जिल्ला, प्रदेश हुँदै राष्ट्रिय स्तरका खेलहरुमा खेलाडीहरुले व्यवसायिक रुपमै खेल खेल्दै आईरहनु भएको छ । नेपालको राष्ट्रिय खेल भलिवलको राष्ट्रिय टिमको कप्तान देखि लिएर नेपाल पुलिस क्लब लगायतका विभिन्न क्लबहरुमा व्यवसायिक रुपमा खेलिरहनु भएको छ ।आज भलिवलको प्रशिक्षक, राष्ट्रिय रेफ्री, करााँतेको प्रशिक्षक अन्तराष्ट्रिय स्तरको रेफ्री लगायतका विधाहरुमा प्रतिनिधत्व गरी रुपा गाउँपालिकाको शिर उच्च वनाउन निमित्त योगदान पुर्याउनुहुने सम्पूर्ण खेलाडी, प्रशिक्षक, रेफ्रि ज्यूहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि हामिले मिति २०८०/११/२४ देखि सञ्चालन हुने गरी **अध्यक्ष कप खुल्ला (वडा स्तरीय हाल कायम भएको नयाँ वडा) पुरूष भलिवल प्रतियोगिता-२०८०, रूपा गाउँपालिका स्तरीय झाँकी प्रदर्शन प्रतियोगिता, माला प्रतियोगिता** आयोजना गर्ने घोषणा गरेका छौं । जसका लागि वडा स्तरीय भलिवल प्रतियोगितामा प्रथम पुरस्कार , द्धितिय पुरस्कार , तृतिय पुरस्कार साथै अन्य विधाहरूमा पुरस्कारहरू राखिएको छ ।गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरूमा लोप हुन लागेका विभिन्न जातजातीहरूको संस्कृती संरक्षण गर्ने उद्येश्यका साथ विगतका वर्षहरूमा झैं यस वर्ष पनि आयोजना गरिएको रूपा गाउँपालिका स्तरीय झाँकी प्रदर्शन प्रतियोगिताका लागि प्रथम पुरस्कार , द्धितिय पुरस्कार सहित अन्य विभिन्न विधाहरूमा पुरस्कार

राखिएको छ। झाँकी प्रदर्शन प्रतियोगिताका लागि कम्तिमा ४० समुहको सहभागिता रहेनछ। झाँकी प्रदर्शन प्रतियोगितामा समाबेश हुन आउने प्रत्येक समुहले बढीमा ५ वटा माला समाबेश गर्ने गरी माला प्रतियोगिता सञ्चालन गरिनेछ । साथै कार्यक्रममा जैविक विविधता सम्बन्धी कृषि प्रदर्शनी समेत हुनेछ ।

**साथै यस वर्ष रूपा रत्न सम्मान २०८० द्वारा रूपा गाउँपालिका भित्र कृषकहरुलाई प्रोत्साहन गर्ने उद्येश्यले कृषि पेशामा उत्कृष्ट रहेका कृषकहरुलाई नगद पुरस्कार रकम रु.५०००।- (अक्षरुपी पाँच हजार) सहित ताम्रपत्र, दोशल्ला वाट सम्मान गरिनेछ।**

उक्त कार्यक्रमको मिति २०८०/११/२४ गते उदघाटन हुनेछ । कार्यक्रमको मुल समारोह २०८०/११/२७ गते भव्य कार्यक्रमका साथ सम्पन्न गरिने छ । कार्यक्रममा स्थानिय तथा राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारहरूको सांस्कृतिक प्रस्तुति समेत रहेनछ । प्रतियोगिताका विजेता तथा उप-विजेताहरूलाई कार्यक्रम समापनको दिन पुरस्कार वितरण गरिने छ । साथै यो ४ दिनसम्म चल्ने कार्यक्रममा तपसिल बमोजिमको पुरस्कार रकम र नियमहरू रहेनछन् ।

**पुरस्कारका विवरणहरुः-**

**भलिबल तर्फः**

१) प्रथम पुरस्कारः- रू. १,५०,०००।— ट्रफि, मेडल र प्रमाणपत्र
२) द्वितीय पुरस्कारः- रू. ८०,०००।— ट्रफि, मेडल र प्रमाणपत्र
३) तृतिय पुरस्कारः- रू. ४०,०००।— ट्रफि, मेडल र प्रमाणपत्र
४) सान्त्वना पुरस्कारः- रु. २०,०००।— ट्रफि, मेडल र प्रमाणपत्र

**उत्कृष्ट खेल प्रदर्शन तर्फः-**

१) बेस्ट प्लेयरः- रू.५०००।- ट्रफि र प्रमाणपत्र
२) बेस्ट सर्भरः- रू.२०००।- ट्रफि र प्रमाणपत्र
३) बेस्ट ब्लकरः- रू.२०००।- ट्रफि र प्रमाणपत्र
४) बेस्ट सेटरः- रू.२०००।- ट्रफि र प्रमाणपत्र
५) बेस्ट लिब्रोः- रू.२०००।- ट्रफि र प्रमाणपत्र
६) बेस्ट स्पाइकरः- रू.२०००।- ट्रफि र प्रमाणपत्र
७) उत्कृष्ट प्रशिक्षकः- रु.२०००।- ट्रफि र प्रमाणपत्र

**नियमहरुः-**

१) टिम दर्ता मिति २०८०।११।१० देखि २०८०।११।२३ गते दिउँसो १२ बजेस सम्म गरिसक्नु पर्नेछ ।
२) खेल अन्तराष्ट्रिय (FIVB) भलिवल खेलको नियमानुसार खेलाईनेछ ।
३) खेलाडी संख्या १२ जना, १ जना टिम प्रशिक्षक र १ जना टिम व्यवस्थापक गरि १४ जना हुनुपर्नेछ ।
४) खेलाडीको नम्बर अंकित गरिएको पोशाक अनिवार्य हुनुपर्नेछ ।
५) खेलमा हाल कायम भएको नयाँ वडाका खेलाडीहरु समावेश हुन पाउनेछन् । सम्बन्धित वडा भन्दा बाहिरका खेलाडीहरु समावेश गर्न पाईनेछैन ।
६) सम्बन्धित वडाका खेलाडी बाहेक बाहिरका खेलाडी समावेश भएमा सो को उजुरी **(Protest)** दिनु परेमा खेल सकिएको ३० मिनेट भित्र **(Protest)** शुल्क रु.५०००।- सहित निवेदन पेश गर्नुपर्नेछ । **(Protest)** सदर भएमा ५०% फिर्ता हुनेछ ।


email: ruparumun@gmail.com Website: https://rupamun.gov.np
सम्पर्क नं. अध्यक्षः ९८५६०८४००९, उपाध्यक्षः ९८५६०८४००८, प्रमुख प्रशासकीय अधिकृतः९८५६०७२१०१

७) सहभागी खेलाडीहरुले सम्बन्धित वडाबाट अनिवार्य रुपमा फोटो टाँस गरि उपलब्ध गराईएको फारम प्रमाणित गराई बुझाउनु पर्नेछ ।साथै खेलाडीहरुले सम्बन्धित वडाको नागरिकता, जन्मदर्ता र बसाईसराई समेत उपलब्ध गराउनु पर्नेछ ।

८) खेलमा कुनै विवाद आएमा खेलकुद समिति र आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

९) खेल तालिका मिति २०८०/११/२३ गते दिउँसो २:०० बजे गोलाप्रथाको माध्ययमद्धारा सार्वजनिक गरिनेछ ।

**झाँकी प्रदर्शन प्रतियोगिता तर्फः-**

१) प्रथम पुरस्कारः— रू. ३०,०००।-प्रमाणपत्र

२) द्वितिय पुरस्कारः— रू. २०,०००।- प्रमाणपत्र

३) तृतीय पुरस्कारः— रू १०,०००।- प्रमाणपत्र

४) सान्त्वना पुरस्कारः रू ५,०००।- प्रमाणपत्र

**नियमहरुः-**

१) प्रत्येक झाँकी समुहमा कम्तिमा ३५ जना सदस्यहरू हुनुपर्नेछ । सदस्य संख्या पुरा भई समाबेश भएमा सबै समुहलाई रू. ५०००। यातायात बापतको र रू २००० खाना खाजा खर्च एकमुष्ट रूपमा उपलब्ध गराइने छ ।

२) प्रत्येक समुहमा ३५ जना मध्येमा कम्तीमा ५ जना ३० वर्ष भन्दा कम उमेरको हुनुपर्नेछ।

**माला प्रतियोगिता तर्फः-**

१) प्रथम पुरस्कारः— रू.६,०००।— प्रमाणपत्र

२) द्वितिय पुरस्कारः— रू ४,०००।— प्रमाणपत्र

३) तृतीय पुरस्कारः— रू.२,०००।— प्रमाणपत्र

**नियमहरुः-**

१) झाँकी प्रदर्शन प्रतियोगितामा भाग लिन आउने समूहहरूबाट एउटा समूहले बढिमा १० वटा माला प्रतियोगितामा समाबेश गर्नुपर्नेछ ।

२) प्रतियोगितामा समाबेश हुने मालामा स्थानीय सामग्रीहरूको प्रयोग गर्नुपर्नेछ जसमा बाह्य बस्तुहरू जस्तै जरि, फूल लगायतका अन्य कुनै पनि बस्तुहरू प्रयोग गर्न पाइने छैन ।

***नोटः— पुरस्कार स्वरूप प्रदान गरिने रकममा नियमानुसार करकट्टि गरिनेछ ।***

यो ४ दिनसम्म चल्ने कार्यक्रमलाई भव्य र सभ्य रूपमा सफल पार्नका लागि तपसिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरू रहने छन् ।

(क) पाँच दिनसम्म चल्ने कार्यक्रमलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्नका लागि तपसिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरू रहनेः

**तपसिलः**

**१) मूल समितिः-**

| | |
|---|---|
| लालसुब्बा गुरूङ्ग | संयोजक |
| कार्यपालिका सदस्य सबै | सदस्य |
| राजेन्द्र सुवेदी | सदस्य |
| अशोक परियार | सदस्य-सचिव |


email: ruparumun@gmail.com Website: https://rupamun.gov.np
सम्पर्क नं. अध्यक्षः ९८५६०८४००९, उपाध्यक्षः ९८५६०८४००८, प्रमुख प्रशासकीय अधिकृतः९८५६०७२१०१

२) भलिवल खेल सञ्चालन समितिः-

| | |
|---|---|
| राम बहादुर गोदार | संयोजक |
| रमेश बहादुर बोटे | सदस्य |
| रामबाबु खनाल | सदस्य |
| रामकृष्ण माल | सदस्य |
| शुस्मिता बिक | सदस्य |
| राजेश शाही | सदस्य |
| शुरेस गुरूङ | सदस्य |
| सुन्दर श्रेष्ठ | सदस्य |
| असोक परियार | सदस्य-सचिव |

**३) झाँकी परिचालन तथा यातायात व्यबस्थापनः-**

| | |
|---|---|
| मुकुन्द बहादुर बंशी | संयोजक |
| शान्ता पौडेल | सदस्य |
| श्याम बहादुर माल | सदस्य |
| विजया कुमारी राना | सदस्य |
| मिना कमर | सदस्य |
| सखुर दिन मिया | सदस्य |
| कृष्ण कुमारी घर्ती | सदस्य |
| वृहस्पति अधिकारी | सदस्य-सचिव |

**४) मञ्च व्यबस्थापनः-**

| | |
|---|---|
| नारायण गुरूङ | संयोजक |
| हिता रूपाखेती | सदस्य |
| रामकृष्ण बसौला | सदस्य |
| खिमाया परियार | सदस्य |
| राजु पौडेल | सदस्य-सचिव |

**५) अतिथि सत्कार तथा स्वागतः-**

| | |
|---|---|
| सरिता सुनार | संयोजक |
| बुद्धिमाया गुरूङ | सदस्य |
| अनिता राना | सदस्य |
| रामकृष्ण माल | सदस्य |
| शनिशरा विक | सदस्य |
| साधना पंगेनी | सदस्य-सचिव |

**६) माला प्रतियोगिता व्यबस्थापन एबंम् परिचालनः-**

| | |
|---|---|
| राजन सुवेदी | संयोजक |
| शान्ता पौडेल | सदस्य |
| कुमारी गुरूङ | सदस्य |
| शोभा विक | सदस्य |
| पानमाया परियार | सदस्य |
| कृष्ण शर्मा पौडेल | सदस्य-सचिव |

**७) खाजा व्यबस्थापनः-**

| | |
|---|---|
| दिपेन्द्र गौतम | संयोजक |
| रामबाबु सुवेदी | सदस्य |
| माया वि क | सदस्य |
| दामोदर भट्टराई | सदस्य |
| राजेन्द्र न्यौपाने | सदस्य |
| सुजन तिवारी | सदस्य-सचिव |

**८) स्वयं सेवक परिचालनः-**

| | |
|---|---|
| राजन खनाल | संयोजक |
| बुद्धी बहादुर गुरूङ | सदस्य |
| फुल कुमार थापा | सदस्य |
| राजेश शाही | सदस्य |
| रामचन्द्र ओझा | सदस्य |
| विजया कुमारी राना | सदस्य |
| संजय दत्त ढकाल | सदस्य-सचिव |

**९) ताम्रपत्र व्यवस्थापनः-**

| | |
|---|---|
| कृष्णराज सुवेदी | संयोजक |
| कृष्ण कुमारी घर्ती | सदस्य |
| मोहन सापकोटा | सदस्य |
| लेखनाथ अधिकारी | सदस्य-सचिव |

....................

(नवराज ओझा)

अध्यक्ष


email: ruparumun@gmail.com Website: https://rupamun.gov.np
सम्पर्क नं. अध्यक्षः ९८५६०८४००९, उपाध्यक्षः ९८५६०८४००८, प्रमुख प्रशासकीय अधिकृतः९८५६०७२१०१